१८. डा. ल्यारक्याल लामाको नामको एभरेष्ट बैंक लिमिटेडको ठमेल शाखाको नाउँको A/C N. ०३५००५०१२०२४७२ सोही बैंकको गोल्फुटार शाखाको A/C N. ०२८००५०१२०६५९१, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड दरबारमार्गको A/C N. २६४०४२१ तथा सोही बैंकको सोही शाखाको A/C N. ००१०५०९०००४११६, स्टाण्डर्ड चार्टर बैंक लाजिम्पाटको A/C N. ००१८१०८०९३८०१, स्टाण्डर्ड चार्टर बैंक लाजिम्पाटको A/C N. ०१८१०८०९३८०२, हिमालयन बैंक लिमिटेड ठमेलको A/C N. २४९६३१०, हिमालयन बैंक लिमिटेड ठमेलको A/C N. २४९६३०१, लुम्बिनी बैंक नक्सालको A/C N. १०८११९८६, लुम्बिनी बैंक नक्सालको A/C N. १०८१२४८४, लुम्बिनी बैंक नक्सालको A/C N. १०१०६५८४ ऋण, पासाङ र नूरपति शेर्पिनीको नामको नेपाल हाउजिङ एण्ड मर्चेण्ट फाइनान्स डिल्लीबजार (हाल सिटिजन बैंकमा गाभिएको भनिएको) को A/C N. ०७११३ को सिटिजन बैंकबाट मगाउने साथै सिद्धार्थ फाउण्डेशनको नाउँको नेपाल इन्भेष्टमेण्ट बैंक लि. दरबारमार्गको A/C N. ००१०५०१०१५८५५८, एभरेष्ट बैंक लि. गोल्फुटारको A/C N. ०२८००१०५२००४७८, नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स डिल्लीबजारको A/C N. २४०१०५८-७ (सिटिजन बैंकमा गाभिएको भनिएको हुँदा सिटिजन बैंकबाट मगाउने), सोही नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स डिल्लीबजारको A/C N. २५-००८६७-४ (सिटिजन बैंकमा गाभिएको भनिएको हुनाले सोही बैंकबाट मगाउने), सिद्धार्थ फाउण्डेशन (सदन) नामक संस्थाको लेखा परीक्षण भएको भए शुरुदेखि हालसम्मको लेखा परीक्षण प्रतिवेदन समेत सो फाउण्डेशन बुढानिलकण्ठ नगरपालिकाको वा.नं. ३ गणेशचोकबाट झिकाई मिसिल सामेल राख्ने र सिद्धार्थ फाउण्डेशनको दर्ता सम्बन्धी File जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट झिकाउने भन्ने यस अदालतको मिति २०७३।५।१७ को आदेश।

<u>यस अदालतको ठहर</u>

१९. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री गोविन्दराज गौलीले प्रतिवादी डा.ल्हारक्याल लामाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष पेश गरेको तेह्र (१३) पाने वैयक्तिक विवरण फारम (सम्पत्ति विवरण फारम), विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, मालपोत कार्यालयहरू समेतबाट प्राप्त कारोबारहरूको विवरण एवं निजको आय-व्ययका सम्वन्धमा गरिएको अनुसन्धान समेतका आधार, कारण र प्रमाणहरूबाट सार्वजनिक पद धारण गरेका एवं सार्वजनिक संस्थाको राष्ट्रसेवक समेत रहेको अवधिको सम्पतिको विवरण हेर्दा निजको कुल श्रोत खुलेको आय रू.२०,३४,४१,८२१।- देखिन्छ। विष्णु बुढानिलकण्ठ वडा नं. ७ कि.नं. ११२,१९२ र १४२ को जग्गा प्रतिवादीकै नाउँ दर्ताको हुँदा सोमा बनेको घर आफ्नो होइन सिद्धार्थ सदन संस्थाको हो भन्न पाउने होइन, त्यसै गरी वा.१३प ३५४३ नं. को सवारी साधन पनि प्रतिवादीकै नाउँमा दर्ता रहेको हुँदा सो पनि सिद्धार्थ सदनको हो भनी प्रतिवादीले पन्छिन पाउने होइन । यस प्रकार सो अवधिमा निजको सम्पति तथा आर्थिक कारोवार रु. २९,७९,१४,०००।४७ देखिएबाट रु. ९,४४,७२,१७९।-बरावरको निजको सम्पतिमा श्रोत नखुलेकोले यी प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुरमा निजलाई विगो **रू.९,४४,७२,१७९।४७** कायम गरी साविक भ्रष्टाचार

निवारण ऐन, २०१७ को दफा १५, दफा १६ ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजाय हुन र साविक संविधान सभाको सदस्य र हाल व्यवस्थापिका संसदका सदस्य रहेका निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १४क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा२४ बमोजिम थप कैद सजाय हुन एवं निजले भ्रष्टाचार गरी गैर कानूनी आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको श्रोत नखुलेको सम्पत्तिहरू समेतको बिगो **रू.९,४४,७२,१७९।-** साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १६ग, दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत हुनुपर्छ भनी गर्नु भएको वहस सुनियो।

२०. प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शंभु थापा, श्री कृष्ण सापकोटा तथा विद्वान् अधिवक्ता श्री दिनमणि पोखरेलले प्रतिवादीले इ.सं. १९८४(२०४१)मा दक्षिण भारत मैसुरको निङ्मा वोध विश्वविद्यालयमा अध्ययन गरी सो विश्वविद्यालयबाट सन् २००० मा खेन्पो (पि.एच.डि.) उपाधि प्राप्त गरेको देखिन्छ। यी प्रतिवादीले बुद्ध दर्शन सम्बन्धी ज्ञान आर्जन गरी बौद्ध दर्शन सम्बन्धी व्याख्या विवेचना प्रवचन तथा विश्लेषण गर्न सक्ने उच्चस्तरीय शैक्षिक उपाधी हासिल गरेको कारणले नै बुद्ध धर्म मान्ने विश्व समुदायमा यी प्रतिवादीको सम्बन्ध रहन गई बुद्ध धर्म सम्बन्धी शिक्षाको प्रचार प्रसारमा यी प्रतिवादीको सकृयता स्वभाविक देखिएको छ। निजले २०५४(सन् १९९७) सालदेखिनै अमेरिका, जर्मन, वेल्जियम, वेलायतमा प्रतिष्ठित संस्थाहरुको निम्तो समेतमा पटक-पटक जाने आउने गरेको कुरा पेश भएका राहदानी समेतका कागजातबाट प्रमाणीत भएको छ र त्यसरी गई वौद्ध दर्शनको सम्बन्धमा प्रवचन दिने कार्य गरेको र त्यसरी प्रवचन दिँदा अनुयायीहरुले दिएको दान, दक्षिणा संकलन गरेको रकम निजले स्टाण्डर्ड चार्टर बैंक, इन्भेष्टमेण्ट बैंक, हिमालयन बैंकमा खाता खोली जम्मा गर्ने गरेको भनी बयानमा उल्लेख गरेका छन्। निज प्रतिवादीले अनुसन्धाको क्रममा समेत आफ्नो सम्पत्तिको श्रोत उल्लेख गरी बयान दिएकोमा यी प्रतिवादीलाई अरु मुद्दामा सरह अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले आफैलाई लेख्न पनि नदिएको र यी प्रतिवादीले बयानमा बताएजति सम्पत्ति उल्लेखै नगरी छुटाई श्रोत घटाई आरोपपत्र पेश भएको छ। वौद्ध दर्शनको शिक्षादिक्षा अध्ययन अनुसन्धानको लागि २०६१ सालमा सिद्धार्थ सदन नामक संस्था खोली यी प्रतिवादीले अग्रसर भई जग्गा खरिद गरी गुम्बा भवन निर्माण गरी सो भवनमा स्कुल र विद्यार्थीको आवासिय प्रवन्ध समेत गरी शिक्षादिक्षाको परोपकारी कार्य गरेको देखिएको छ। १०० जना भिक्षु विद्यार्थी ९ जना शिक्षक र ५ जना कर्मचारी रहेको, सो विद्यालयमा यी प्रतिवादीले रेखदेख समेतको कार्य गरेको समेत देखिएको छ। स्वदेशी तथा विदेशी वौध धर्म र दर्शनमा लागेका संघ संस्था र व्यक्तिले दिएको दान, चन्दा र अनुदान सहयोगबाट सो भवन बनेको कारण समेतबाट सो विद्यालयलाई बुद्ध दर्शनको उन्नत पाठशालाको रुपमा विकाश गर्ने प्रतिवादीको प्रशंसा गर्न लायक प्रयत्नलाई प्रोत्साहित गर्नुपर्नेमा झुठ्ठा आधारबाट यी प्रतिवादीलाई आरोपित गरिएको छ। संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको सो सिद्धार्थ सदन नामक संस्थाको सम्पत्ति छानवीन र अनुसन्धान गर्ने क्षेत्राधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नभएकोमा संस्थाको घर बनेको जग्गा प्रतिवादीको नाउँमा रहेको आधारमा मात्र संस्थाको सम्पत्तिलाई प्रतिवादीको सम्पत्ति बनाएर मुद्दा दायर गरिएको छ। आरोपपत्रमा उल्लेख भए झैं प्रतिवादीले प्रमाणीत गर्नुपर्ने

सम्पत्ति रु.२९,४४,७२,१७९।४७ होइन निजले व्यक्तिगत रुपमा प्रमाणीत गर्नुपर्ने सम्पत्तिमा सेयर लगानी तथा रिणपत्र खरिदको रु. १,५३,००,०००।-, प्रतिवादीले व्यक्तिगत रुपमा खरिद गरेको घर जग्गा (सिद्धार्थ सदन बनेको जग्गा समेत गरी) रु. १०,८८,०२,८१४।- हो र प्रतिवादीले व्यक्तिगत रुपमा बनाएको घरको मुल्यांकन सर्वोच्च अदालतको फैसला अनुसार २०% कट्टा हुनेमा सो कट्टा नगरी आरोपपत्र पेश गरेको देखिएको छ। यसको अतिरक्त प्रतिवादीको घरमा रहेको विद्युतिय सामाग्रीको रु. ८२,८५०।-, फर्निचरको रु. ६,२१,७६०।-दावी लिइएको छ तर सो रकम अनुयायीहरुले दिएको रकम भएकोले विगो कायम हुने होइन।यदि यी प्रतिवादीले खरिद गरेको सो सामग्रीको विगो कायम हुने भए पनि अरुले दिएका सेकेण्ड ह्याण्ड पुराना सामान हुँदा पुरा विगो कायम नभई आधा विगोसम्म कायम हुने हो, विभिन्न बैंकमा मौज्दात रहेको रु.६४,६७,५८७।- लुम्बिनी बैंकबाट लिएको कर्जाको सावाँ व्याज भुक्तानी रु. ४,०६,८०,७२४।- समेत गरी कुल रु. १७,६४,८०,१५३।९० को मात्र हिसाब दिनु पर्ने हो। फर्निचर इलेक्ट्रोनिक्सको मूल्यांकन गरेपछि घरायसी सामान खरिदको पनि रु.१५,५०,०००।- दोहोरो गणना गरिएको छ, जग्गा खरिद गर्दा लिएको सापटी सहयोग स्वरुपको रकम एवं बैंक कर्जाको व्याज तिर्नको लागि बैंकबाट झिकेको साथमा नरहेको रु. ४,४२,००,०००।- (ने.का.प. २०७१ अंक ४ पृष्ठ ५०९ र तनुकलाल यादवको मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला सिद्धान्तका आधारमा) समेत विगोबाट रकम घट्नु पर्ने अवस्था देखिएको छ र नगद मौज्दात रु. १,६०,०००।- पनि खर्च भै सकेकोले सो पनि विगोबाट घट्नु पर्ने अवस्था छ।त्यस्तै का.जि.विष्णु बुढानिलकण्ठ वडा नं. ७ कि.नं. ११२, १९१, १४२ मा बनेको मूल्यांकन रु. ६,४५,३२,६४०।७५ गरिएको, गुम्बा भवन तथा वा.१३च ३५४३ नं. को रु. ९०,००,०००।- मा खरिद गरिएको सवारी साधन सिद्धार्थ सदन नामक संस्थाको सम्पत्ति भएको र उक्त निर्माण भएको भवन र खरिद गरिएको सवारी साधन स्वदेशी तथा विदेशी दाताहरुले संस्थाको नाउँमा रहेको एभरेष्ट बैंक तथा इन्भेष्टमेण्ट बैंकमा जम्मा गरी दिएको रकमबाट जोडिएको हो।खिनसरा पुनबाट कुवेर हाउजिङको नाउँमा खरिद भएको बुढानिलकण्ठ वडा नं. ९क कि.नं. २१९ को जग्गा मिति २०६४।९।६मा रु. २,८६,१२,५००।-मा खरिद गर्दा बचत रु. १,५२,५९,१०६।- रहेको बाँकी रु. १,३३,५३,३९४।-को श्रोत नपुगेको भनी उक्त जग्गा मिति २०६५।१०।२० मा रु. ३,८२,००,०००।-मा बिक्री गरेकोमा रु. २,०२,८८,०२०।- मात्र आयमा गणना गरिएको छ त्यो मिलेको छैन।त्यस्तै अच्युत विक्रम राणाबाट विष्णु बुढानिलकण्ठ वडा नं. ७(ख) कि.नं. १०८ को जग्गा २०६५।३।३० मा रु. ६८,१३,०००।- मा खरिद गरी मिङमारलाई मिति २०६९।५।२७ मा रु. १,५०,००,०००।- मा बिक्री गरेकोमा सो खरिद गर्दा नै श्रोत नपुगेको भनी प्रतिवादीको आयमानै गणना गरिएन तर प्रतिवादीले निजको बाबु पासाङ फुर्वा र आमा नुरापती शेर्पाको संयुक्त नाउँमा नेपाल हाउजिङमा रहेको खाता नं. २४-०१०-१५१०० बाट विभिन्न मितिमा गरी तीन करोड भन्दा बढी प्रतिवादीको नाउँमा काटिएको चेकबाट प्रतिवादीले प्राप्त गरेको देखिन आएको छ र सो मध्ये कि.नं. २१९ को जग्गा मिति २०६४।९।६ मा रु. २,८६,१२,५००।-मा खरिद गर्नु भन्दा अघिल्लो दिन मिति २०६४।९।५ मा तीनवटा चेक मार्फत प्रतिवादीले रु. २,२१,००,०००।-प्राप्त गरेको देखिन आएबाट उक्त कि.नं. २१९ तथा १०८ को जग्गा खरिद गर्दा श्रोत नपुगेको भन्न मिल्ने अवस्था रहेन ।उक्त कि.नं.हरु बिक्री गर्दा प्राप्त भएको सम्पूर्ण रकम आयमा गणना गरिनु पर्नेमा सो रकम रु. ३,२९,११,९८०।- र

फुलचुङ लामालाई २०६९।८।७ मा बिक्री गरी प्राप्त भएको रु.४२,१८,७००।- समेत आयमा गणना गरिएको छैन। प्रतिवादीले विभिन्न देशमा बुद्ध दर्शनमा प्रवचन दिन जाँदा आयोजक संस्था, भक्तजन, सुभेच्छुकहरुले विदेश तथा नेपालमा आई दिएको दान, दक्षिणा, उपहार समेतको रकम रु.४,००,००,०००।-, हिमालयन बैंकमा रहेको डलर खाता नं. २४९६३ Joमा जम्मा भएको रु. ३०,११,३५५।५९ सोही बैंकको खाता नं. २४९९२ Jo मा मिति २०५४।१२।२२ देखि २०५८।१२।२२ सम्म पटक पटक गरी रु. १,५५,६६,३४९।२०, स्टाण्डर्ड चार्टर बैंकको खाता नं. ००१८१०८९३८०२ मा मिति २०६१।१०।१४ देखि २०६५।१२।१९ सम्म रु. १,३०,१९,२३१।९२ सोही बैंकको खाता नं. ००१८१०८०९३८०१ मा जम्मा भएको रु. ३४,८५,४३४।९७, वौद्ध दर्शन सम्बन्धी Nine Yana र वोध दर्शनको यात्रा समेतको पुस्तक बिक्री गरी प्राप्त रु. २५,००,०००।-मध्ये वेस्टर्न युनियन मनी ट्रान्सफर र अन्नपूर्ण ट्रभल्स मार्फत रु. २२,७५,६२९।९८ प्राप्त गरेको आय समेत गरी प्रतिवादीको व्यक्तिगत कुल आय रु. ३१,५५,७२,५०१।-हुन आउँछ।सिद्धार्थ सदनको नाउँमा इन्भेष्टमेण्ट बैंक दरवारमार्गमा रहेको खाता नं. ००१०५०१०१५८५५८ को खातामा सावा व्याज गरी रु. ९,१०,५९,४७९।८८ जम्मा भएको देखिएको छ ।त्यस्तै सोही सदनको नाउँमा नेपाल एभरेष्ट बैंक गल्फुटारमा रहेको खाता नं. ०२८००१०५२००४७८ नं. को खातामा रु. ३,७१,३५,६९४।४७ समेत गरी संस्थाको खाताको रकम नै रु. १२,८१,९५,१७४।३५ देखिएको छ।कि.नं. ११२, १९१, १४२ समेतको जग्गामा गुम्बा भवन बनाउने निर्णय सिद्धार्थ सदनको मिति २०७१।३।१५ मा बसेको बैठकले गरेको र सदनको नाउँमा रहेको बैंकमा जम्मा भएको रकमबाट नै सो सिद्धार्थ भवन बनेको र सदनको खाताबाट करिब पाँच करोड रुपैयाँ प्रतिवादीकै नाउँमा काटिएको चेकबाट खर्च भएको र अन्य खर्च सम्बन्धित व्यक्ति निकायको नाउँमा समेत चेक काटिएको बैंक स्टेटमेण्टबाट देखिन्छ।वा.१३च ३५४३ नं.को सवारी साधनको भुक्तानी संस्थाकै खाताबाट गरिएको र बाँकी रु. ४१,००,०००।-प्रतिवादीको नाउँमा रहेको एभरेष्ट बैंक ठमेलको खाताबाट चेक मार्फत मिति २०७२।३।३ मा भुक्तानी गरिएको हो । प्रतिवादीको कुल आय ३१,५५,७२,५०१।- रहेको र प्र. संस्थापक अध्यक्ष रहेको सिद्धार्थ सदनको खाताबाट प्राप्त रु. १२,८१,९५,१७४।३५ प्राप्त भएको देखिदा व्यक्तिगत आय र संस्थाको आय गरी कुल आय रु. ४४,३७,६७,६७५।३५ र प्रतिवादी र सिद्धार्थ सदन संस्थाको गरी आयोगले कायम गरे अनुसार कुल खर्च २९,७९,१४,०००।४७ हुने हुँदा कुल खर्च भन्दा कुल आय नै बढी भै रहेको अवस्था बैंक स्टेटमेण्ट समेतका कागजातबाट देखिन आएकोले प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउन पर्ने भनी गर्नु भएको बहस जिकिर समेत सुनियो।

२१. प्रतिवादी ल्हारक्याल लामा उपरको आरोपपत्र हेर्दा प्रतिवादी २०५८।९।१९ मा गुम्बा विकास समितिको अध्यक्ष पदमा नियुक्त भै नेपाल सरकारको राज्यमन्त्री, संविधानसभाको सदस्य हुँदै हाल व्यवस्थापिका संसद सदस्य भै सार्वजनिक पद धारण गरेको, आ.व. ०५८।५९ देखि आ.व. ०७२।७३ (पौष मसान्त) सम्म आयतर्फ तलब भत्ताबाट रु. २२,६९,१५०।-, जग्गा बिक्रीबाट रु. १५,६०,६७,२४२।- , सेयर बिक्रिबाट रु. १,५०,००,०००।-तथा रिण तथा सापटीबाट रु. ३,०१,०५,४२९।- समेत गरी जम्मा रु. २०,३४,४१,८२१।- निजको आम्दानी रहेकोमा सो अवधिमा व्ययतर्फ घर निर्माणमा ७,१७,५२,८७५।४७, जग्गा खरिदमा रु. १०,८८,०२,८१४।-, सेयर खरिदमा

रु. १,५३,००,०००।-, सवारी साधन खरिदमा ९०,००,०००।-,रिण सापटी व्याज भुक्तानीमा रु. ४,०६,८०,७२४।-, नगद मौज्दात रु. १,६०,०००।-, घरायसी सामान खरिदमा १५,५०,०००।- गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी लुकाउने नियतले एभरेष्ट बैंक लि.को खाता नं. ०३५००५०१२०२४७२ बाट झिकी खर्च गरेको भनी उल्लेख भएको रकम रु. ४,४२,००,०००।- बैंक मौज्दात बचत रु. ६४,६७,५८७।- समेत गरी जम्मा रु. २९,७९,१४,०००।४७ खर्च तथा बैंक मौज्दात रहेको देखिदा सो अवधिमा आय भन्दा व्यय रु. ९,४४,७२,१७९।४७ बढी देखिन आई श्रोत नखुलेको सम्पत्तिमा प्रतिवादीको नाउँमा रहेको काठमाडौं जिल्ला विष्णु बुढानिलकण्ठ-७ मा रहेको कि.नं. ११२,१९१,१४२ को ३-६-२-० जग्गामा घर निर्माण गर्दा भएको कुल खर्च रु. ६,४५,३२,६४०।७५ मध्ये रु. ५,८८,३८,१९८।४७ को श्रोत नपुग भएको, प्रतिवादीको लगानी भएको कुवेर हाउजिङ प्रा.लि. को नाउँमा का.जि. विष्णु बुढानिलकण्ठ-९ क कि.नं. २१९ को ११-१४-३-० खरिद रु. २,८६,१२,५००।-मध्ये १,३३,५३,३९४।- को श्रोत नपुग भएको त्यस्तै सोही हाउजिङको नाउँमा खरिद ऐ. गा.वि.स. वडा नं. ७(ख) कि.नं. १०८ को ६-१२-३-० को खरिद रकम रु. ६८,१३,०००।-को श्रोत नपुगेको, विभिन्न बैंकहरुमा गरी कुल मौज्दात रहेको रु. ६४,६७,५८७।-को श्रोत नपुगेको त्यस्तै प्रतिवादीको नाउँको वा.१३ च३५४३ नं. को सवारी साधन खरिदको रु. ९०,००,०००।-गरी श्रोत नपुग भै श्रोत नखुलेको कुल रकम रु. ९,४४,७२,१७९।४७ प्रतिवादीले सार्वजनिक पद धारण गरेको अवधिमा गैर कानूनी रुपमा आर्जन गरेको पुष्टि हुन आएको र सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले विगो रु. ९,४४,७२,१७९।४७ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ तथा दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरिवाना र कैद सजाय हुन र साविक संविधानसभाको सदस्य तथा हाल व्यवस्थापिका संसद रहेकाले प्रतिवादी डा. ल्यारक्याल लामालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप कैद हुन एवं भ्रष्टाचार गरी आर्जन गरेको गैरकानूनी सम्पत्ति र सोबाट बढे बढाएको श्रोत नखुलेको सम्पत्ति समेतको विगो रु. ९,४४,७२,१७९।४७ साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख समेत बमोजिम जफत गरी पाउन भनी माग दावी लिइएको देखिन आयो।

२२. यसरी प्रतिवादी उपर अभियोग दावी लिइएको आरोपपत्रमा प्रतिवादीको आय व्यय सम्बन्धमा गरिएको विश्लेषण हेर्दा आ.व. ०५८।५९ देखि आ.व. ०६१।६२ सम्म कुल आय रु. १,०७,५६,६८०।- भएको, व्ययमा रु. ५०,१६,३१४।-भै व्यय घटाउँदा सो अवधिमा रु. ५७,४०,३६६।-बचत हुने देखिएको, आ.व. ०६२।६३ देखि आ.व. ०६४।६५ सम्मको अवधिमा अघिल्ले वर्षको बचत रु. ५७,४०,३६६।- समेत कुल आय ३,७०,९५,१०६।- र कुल व्यय रु. ५,७२,६१,५००।- भै घटाउँदा रु. २,०१,६६,३९४।- बढी खर्च भएको देखिदा सो अवधिमा खरिद गरिएको जग्गा मध्ये का.जि. बुढानिलकण्ठ वडा नं. ९(क) कि.नं. २१९ को ११-१४-३-० जग्गा खिनीसरा पुनबाट कुवेर हाउजिङको नाउँमा मिति २०६४।९।६ मा रु. २,८६,१२,५००।- मा खरिद गरी लिदाको अवस्थामा

प्रतिवादीको बचत रकम रु. १,५२,५९,१०६।-मात्र श्रोत पुग्न गै बाँकी रु. १,३३,५३,३९४।-को श्रोत नपुगेको, त्यस्तै सोही अवधिमा प्रतिवादीले सोही हाउजिङ प्रा.लि.कै नाउँमा का.जि. विष्णु बुढानिलकण्ठ वडा नं. ७(ख) कि.नं. १०८ को जग्गा २०६५।३।३० मा अच्यूत विक्रम राणाबाट रु. ६८,१३,०००।- मा खरिद गरी लिएकोमा सोको समेत श्रोत नपुगेकोले सो अवधिमा श्रोत नखुलेको खर्च रु. २,०१,६६,३९४।- भनी उल्लेख गरेको देखिन आयो।त्यस्तै आ.व. ०६५।६६ देखि आ.व. ०७२।७३ (पौष मसान्त) सम्मको आरोपपत्रमा गरिएको विश्लेषण हेर्दा सो अवधिको कुल आय १६,१३,३०,४०१।-व्यय, रु. २३,५६,३६,१८५।४७ भै सो अवधिमा आय भन्दा व्यय ७,४३,०५,७८४।४७ बढी रहेको भनी उल्लेख गरिएको, यसरी गरिएको आय व्ययको विश्लेषण हेर्दा का.जि. बुढानिलकण्ठ वडा नं. ९(क) को कि.नं. २१९ को जग्गा २०६५।१०।२० मा सुरज वैद्यलाई रु. ३,८२,००,०००।-मा बिक्री गरिएकोमा सो जग्गा प्रतिवादीले खरिद गर्दा ५३.२३%को मात्र श्रोत पुगेको भनी उक्त बिक्री मूल्य मध्ये २,०२,८८,०२०।-आयमा गणना गरिएको देखिएको छ भने बाँकी रु. १,७९,११,९८०।- आयमा गणना गरिएको देखिन आउँदैन । कि.नं. १०८ को जग्गा २०६९।५।२७ मा प्रतिवादीले मिङमार वामो शेर्पालाई रु. १,५०,००,०००।- मा बिक्री गरेकोमा खरिद गर्दा नै श्रोत नपुगेको भनी आयमा गणना गरिएको देखिन आएन।

२३. प्रतिवादीले यस अदालतमा आई गरेको बयान व्यहोरा हेर्दा आफूले प्रमाणीत गर्नु पर्ने सम्पत्तिको श्रोत १७,६४,८०,१५३।९० मात्र रहेको, आफूले वौद्ध दर्शनमा प्रवचन दिन जाँदा आयोजक संस्था र अनुयायीले विदेश तथा नेपालमा आई दिएको दक्षिणा उपहार स्वरुप प्राप्त गरेको रकम रु. ४,००,००,०००।-मध्ये मेरो हिमालयन बैंकमा रहेको डलर खाता नं. २४९६३ Jo मा २०५६।१२।८ देखि २०५८।४।१ सम्म रु. ३०,११,३५५।५९ जम्मा भएको सोही बैंकको ने.रु. खाता नं. २४९९३ J0 मा २०५४।१२।२२ देखि २०५८।१२।२२ सम्म पटक-पटक गरी रु. १,५५,६६,३४९।२०, स्टाण्डर्ड चार्टर बैंकको खाता नं. ००१८१०८०९३८०२ मा मिति २०६१।१०।१४ देखि २०६४।१२।१९ सम्म रु. १,३०,१९,२३१।९२ जम्मा भएको सोही बैंकको खाता नं. ००१८१०८०९३८०१ मा रु. ३४,८५,४३४।९७ जम्मा भएको, वौद्ध दर्शन सम्बन्धी आफूले लेखेको पुस्तकबाट वेस्टर्न मनि ट्रान्सफर र अन्नपूर्ण ट्राभल्स मार्फत रु. २२,७५,६२९।९८ प्राप्त भएको, बाबु आमाको नाउँमा बैंकमा रहेको रकमबाट आफूलाई तीन करोड भन्दा पनि बढी प्राप्त भएको सो मध्ये खिनिसरा पुनबाट कि.नं. २१९ को जग्गा मिति २०६४।९।६ मा खरिद गरी लिनु भन्दा अघिल्लो दिनमात्र तीनवटा चेक मार्फत आफूलाई रु. २,२१,००,०००।- प्राप्त हुन आएको, कि.नं. १०८ को जग्गा अच्यूत विक्रम राणाबाट २०६५।३।३० मा खरिद गरी लिंदा आमाबाबुबाट प्राप्त रकम समेतबाट खरिद गरी लिएको, बुढानिलकण्ठ ७(ख) कि.नं. ११२, १९१ र १४२ समेतको जग्गा आफ्नो नाउँमा दर्ता रहेतापनि उक्त जग्गा संस्थालाई मैले दान दिने निर्णय भई गुम्बा र गुम्बा शिक्षा, आवाशिय बौद्ध धर्म शिक्षाको प्रयोजनको लागि निर्माण भएको कुरा निर्माण तथा नक्सा, प्रकृति समेतबाट स्पष्ट भै रहेको छ।२०७१।३।५ को सिद्धार्थ सदनको कार्य समितिको बैठकमा मेरो नाममा खरिद भएको उक्त जग्गा संस्थाको नाममा हस्तान्तरण गरिदिने र २०७१।३।१५को बैठकले सो जग्गामा भवन निर्माण गर्ने भनी निर्णय भएको थियो। २०७१।१२।११ गतेको कार्य समितिको बैठकले मेरो नाउँमा रहेको कि.नं. १९२, १७९, १७७ र

१८१ को जग्गा पनि संस्थाकै प्रयोजनको लागि जग्गा हस्तान्तरण गर्ने गरी सोको निर्णय भए बमोजिम उक्त जग्गाहरुमा भवन निर्माण भएको हो।सो भवन निर्माणको लागि स्वदेशी तथा विदेशी विभिन्न दाताहरुले संस्थाको नाममा रहेको माथि उल्लेखित इन्भेष्टमेण्ट बैंक र एभरेष्ट बैंकको खाताहरुमा पठाएको रकमबाट उक्त संस्थाको भवन निर्माण भएको छ। त्यसैगरी विदेशी दाताहरुले संस्थाको खातामा पठाएको रकम बारे राष्ट्र बैंक र सम्बन्धित बैंकबाट रकम आएको श्रोत र त्यसको खर्चको प्रयोजन शीर्षक सोधेर मात्र बैंकमा जम्मा गरिने र त्यसरी जम्मा भएको रकम भवन निर्माणमा खर्च भएको हो।सो भवन निर्माण अवधिमा संस्थाको इन्भेष्टमेण्ट बैंक दरबारमार्ग र एभरेष्ट बैंक गोल्फुटारको खातामा करिब रु.१३ करोड रुपैयाँ जम्मा भएको छ।सो रकमबाट उक्त भवनहरु निर्माण भएको छ। गाडीको श्रोत सम्बन्धमा TOYOTA RAV ४ वा.१३च ३५४३ को जिप २०७२।२।३२ मा इष्ट्रलिङ प्रा.लि.बाट रु. ९०,००,०००।- को इन्भाइसबाट खरिद भएको हो।विदेशबाट आउने पाहुनाहरुको भ्रमण उद्देश्यको लागि सो खरिद भएको हो मेरो नाममा खरिद भएको भए पनि इन्भाइसमा नै सिद्धार्थ फाउण्डेसन मार्फत भनी उल्लेख भएको छ।सो जिपको रकम भुक्तानी पनि संस्थाको खाताबाट इष्ट्रालिङका आधिकारिक व्यक्ति राजेन्द्र विक्रम पौडेलको नाममा इन्भेष्टमेन्ट बैंकको खाताबाट रु. १५,००,०००।- एभरेष्ट बैंकको खाताबाट रु. ३५,९२,०००।- र बाँकी रु. ४१,००,०००।- मेरो नाममा रहेको एभरेष्ट बैंक ठमेलको खातामा मेरो नामको ठमेलको होटल याम्बुको रकम रु. ८,००,००,०००।- मा बिक्री गरी जम्मा भएको रकम मध्ये भुक्तानी दिएको हो।संस्थाबाट सोको हिसाब मिलान भै सकेको छ।संस्थाको २०७२।२।२२ को निर्णयले संस्थाको तत्कालिन अध्यक्ष मेरो नाममा जिप खरिद गर्ने, सोको भुक्तानी संस्थाकै खाताबाट नै गर्ने, अध्यक्षको पदबाट म कुनै तवरले हटेमा कानूनी प्रक्रिया पूरा गरी सो संस्थाको नाममा उक्त जिप नामसारी गरी दिने भनी निर्णय भई जिप खरिद भएको थियो।सिद्धार्थ सदनको नाउँमा प्राप्त रकम समेत हिसाब जोड्दा मेरो आय रु.४४,३७,६७,६७५।३५ हुन आउँछ भने विवादको सम्पत्ति २९,७९।१४,०००।४७ रहेबाट आफूले कुनै पनि कसूर नगरेको हुँदा सफाई पाउनु पर्ने भन्ने समेत निज प्रतिवादीले बयान गर्दा जिकिर लिएको देखिन आयो।

२४. प्रतिवादीले यस अदालतमा गरेको बयानमा उल्लेख गरे अनुसार हिमालयन बैंकको मिति २०७३।५।२२ को पत्रसाथ प्राप्त बैंक स्टेटमेण्टबाट March २१, २००० देखि July १६,२००१ सम्म रहेको निजको नाउँको डलर खाता नं. २४९६३ Jo मा पटक-पटक गरी ४२२८२.३८ (यु.एस.डलर) जम्मा भएको देखिन आएको, सोही बैंकको प्रतिवादीको नाउँमा रहेको ने.रु. खाता नं. २४६९३० J मा पटक-पटक गरी रु. १,५५,६६,३४९।२० को कारोवार भएको देखिन आएको त्यस्तै गरी स्टाण्डर्ड चार्टर बैंकको मिति २०७३।५।२४ को पत्रबाट प्रतिवादीको नाउँमा रहेको लाजिम्पाट शाखाको खाता नं. ००१८१०८०९३८०१ बाट २०६१ सालदेखि २०६५ सालसम्म विभिन्न मितिमा गरी रु. १,३०,१९,२३१।९२ तथा खाता नं. ०१८१०८०९३८०२ बाट रु. ३४,८५,४३४।९७ कारोवार भएको देखिन आएको छ तर पनि प्रतिवादीको हिमालयन बैंकमा रहेको उक्त खाताहरु धेरै पहिलेको रही सोही समयमा भएको कारोवारको आधारमा नै बचत रहेको अनुमान गरी आयमा गणना गर्न मिलेन।त्यस्तै स्टाण्डर्ड चार्टर बैंकको पत्र अनुसार कारोबार भएको देखिन

आएकै आधारमा सो कारोबारलाई पनि प्रतिवादीको बचत रहेको रकम हो भनी अहिले आएर आयमा गणना गर्न मिल्ने अवस्था रहेन।

२५. प्रतिवादीका बाबु पासाङ फुर्वा शेर्पा तथा आमा नुरपती शेर्पिनी रहेको भन्ने देखिन आयो। प्रतिवादीले यस अदालतमा आई गरेको बयानमा खुलाए अनुसार यस अदालतको आदेश बमोजिम सिटिजन बैंकको मिति २०७३।५।२१ को पत्रसाथ प्रतिवादीका बाबु पासाङ र आमा नुरपती शेर्पिनीको संयुक्त नाउँको साविक नेपाल हाउजिङ एण्ड मर्चेण्ड फाइनान्स लि. को खाता नं. २४-०१०१५-"0" को स्टेटमेण्ट समेत प्राप्त हुन आएको र सो स्टेटमेण्ट हेर्दा निजहरुको नाउँमा रहेको उक्त संयुक्त खाताबाट प्रतिवादीको नाउँमा मिति २०६३।५।१५ मा दुईवटा चेक मार्फत रु. ३,००,०००।-, मिति २०६३।९।२४ मा रु. ४,३५,०००।-, मिति २०६३।९।२५ मा दुईवटा चेक मार्फत ९,९९,९९९।४६, मिति २०६३।१०।२९ मा दुईवटा चेकबाट रु. ६,३०,०००।-, मिति २०६३।११।२१ मा रु. १,४०,०००।-, मिति २०६४।१।६ मा रु. २७,७०,०००।-, मिति २०६४।६।२० मा रु. ५०,०००।-, मिति २०६४।६।२४ मा रु. १,००,०००।-, मिति २०६४।६।२७ मा रु. ३,००,०००।-, मिति २०६४।८।३ मा रु. २,००,०००।-, मिति २०६४।८।२३ मा रु. ३,४५,०००।-, मिति २०६४।९।५ मा (विष्णु बुढानिलकण्ठ वडा नं. ९(क) कि.नं. २१९ को जग्गा खिनिसरा पुनबाट खरिद गरी लिएको अघिल्लो दिन) तीनवटा चेकबाट रु. २,२१,००,०००।-, मिति २०६५।१।२० मा रु. ३,००,०००।-, मिति २०६५।२।५ मा रु. ५०,०००।-, मिति २०६५।२।२८ मा रु. २,२०,०००।-, मिति २०६५।३।२४ मा दुईवटा चेक मार्फत रु. ३,००,०००।-, मिति २०६५।३।३१ मा रु. १,५०,०००।- समेत गरी २०६५ साल आषाढ मसान्तसम्ममा प्रतिवादीले निजको बाबु र आमाको नाउँमा रहेको संयुक्त खाताबाट मात्र निजको नाउँको चेक मार्फत रु. २,९३,८९,९९९।४६ प्राप्त गरेको देखिन आयो। अर्थात यस अवधिमा प्रतिवादीले कि.नं. २१९ र कि.नं. १०८ को जग्गा खरिद गर्दा रु. २,०१,६६,३९४।- श्रोत नपुगेको भनी आरोपपत्रमा उल्लेख भएकोमा आमा बाबुको नाउँको संयुक्त खाताबाट मात्र सो अवधिमा प्रतिवादीले प्राप्त गरेको रु. २,९३,८९,९९९।४६ बाट श्रोत नपुगेको भनिएको रु. २,०१,६६,३९४।- घटाउँदा रु. ९२,२३,६०५।४६ बचत भएको अवस्था देखिएकाले रु. २,०१,६६,३९४।- को श्रोत नपुगेको मान्न मिलेन ।

२६. आ.व. २०६४।०६५ पश्चात् पनि प्रतिवादीले आमाबाबुको नाउँमा रहेको नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स लि.को खाताबाट मिति २०६५।४।३ मा रु.८,००,०००।-, मिति २०६५।४।१२ मा रु. ६०,०००।-, मिति २०६५।५।४ मा रु. १,१५,०००।-, मिति २०६५।५।२३ मा रु. ५,५०,०००।-, मिति २०६५।६।१९ मा रु. १,७६,०००।-, मिति २०६५।७।२१ मा रु. १०,००,०००।- समेत गरी निजको नाउँमा काटिएको चेकबाट रु. २७,०१,०००।- प्राप्त गरेको देखिन आयो । प्रतिवादीले वौद्ध धर्म सम्बन्धमा स्वदेश तथा विदेशमा समेत गै प्रवचन दिने गरेको र वौद्ध दर्शन सम्बन्धी पुस्तक Nine Yana तथा वौद्ध दर्शनको यात्रा नामक पुस्तक समेत प्रकाशन गरेको र पुस्तक बिक्री तथा दक्षिणा समेतको रकम भन्ने निजको जिकिर रहेको र प्राप्त हुन आएको पुस्तक प्रति तथा फोटो भिसा लगायतका अन्य कागजातहरुबाट र निजको उल्लेखित शैक्षिक उपाधी समेतबाट सो कुराको पुष्टि हुने आधार देखिन आउनुकोसाथै उक्त कागजात लगायतका प्रमाण समेतबाट निजले

यसरी उक्त आर्जन गर्न नसक्ने यो-यस्तो प्रमाण रहेछ भनी उल्लेख गर्न मिल्ने आधार समेत देखिन नआएकोले निजको सो आयलाई गणना गर्नुपर्ने नै अवस्था देखियो ।प्रतिवादीले यस अदालतमा आई गरेको बयान साथ पेश गरेको कागजातबाट ०१२-०३-०७ मा पेइ पेइले वेस्टर्न युनियन मनि ट्रान्सफर मार्फत पठाएको भनिएको १०,०००।- डलरको स्पष्ट कागजात पेश हुन नआए तापनि सो बाहेक प्रतिवादीको नाउँमा २०६३।११।१८ (३-२-२००७) मा वेस्टर्न युनियन मनि ट्रान्सफर मार्फत लुम्बिनी बैंकको खाता नं. ANP ०११३०२ मा फ्रान्सबाट लिण्डाले पठाएको रु. १६,१९२।०४, वेस्टर्न युनियन मनि ट्रान्सफर मार्फत २४-०८-०१२ (२०६५।५।८) मा पेइ पेइ संघाइले पठाएको डलर ३६०० को ने.रु. ३,१५,०९४।०४, वेस्टर्न युनियन मनि ट्रान्फर मार्फत ११-१-२०१२ (२०६९।७।३) मा पेइ पेइ संघाइले पठाएको डलर १०,००० को हुने ने.रु. ८,७५,२००।- अन्नपूर्ण ट्राभल्सबाट भुक्तानी लिएको देखिन आएको त्यसै गरी ०१-१०-०१४ (२०७१।५।२४) मा रोङ्गो ज्याङ्ग संघाइ चिनबाट पठाएको अन्नपूर्ण ट्राभल्सबाट भुक्तानी लिएको रु. १,९३,९२४।९० समेत गरी रु. १४,००,४१०।९८ प्राप्त गरेको देखिन आयो । प्रतिवादीले यस अदालतमा आई गरेको बयानमा उल्लेख गरे अनुसार जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७३।५।२७ को पत्रसाथ प्राप्त सिद्धार्थ सदन नामक संस्था संस्था दर्ता ऐन, २०३४ अन्तर्गत मिति २०६१।६।२१ मा दर्ता भै नवीकरण हुदै लेखा परीक्षण समेत गराई आएको देखिन आएको, यस अदालतको मिति २०७३।५।१७ को आदेश अनुसार नेपाल इन्भेष्टमेन्ट बैंक लि.को मिति २०७३।५।२० को पत्रसाथ प्राप्त सिद्धार्थ फाउण्डेशनको नाउँमा रहेको खाता नं. ००१०५०१०१५८५५८ को स्टेटमेण्ट हेर्दा सन् २००७-११-२८ देखि सन् २०१६-१२-४ सम्म रु. ९,१०,५९,४७९।८८ जम्मा भएको र प्राप्त स्टेटमेण्ट अनुसार मिति २२-०१ मा रु. १०,००,०००।-, ०७-०८ मा रु. ४५,००,०००।-, ०७-०८ मा रु. ३५,००,०००।-,३०-०९ मा रु. १३,००,०००।-, १३-१० मा रु. १०,००,०००।-, ३०-१० मा रु. १०,००,०००।-, २८-११ मा रु. १३,००,०००।-, १९-०६ मा रु. २५,००,०००।-, १९-०६ मा रु. २५,००,०००।-, १९-०६ मा रु. २५,००,०००।-, ०६-०७ मा रु. २५,००,०००।-, ०६-०७ मा रु. २५,००,०००।- गरी पटक-पटक प्रतिवादीको नाउँमा काटिएको उपरोक्त चेक मार्फत प्रतिवादीले कुल रु. २,६१,००,०००।- प्राप्त गरेको देखिन आयो भने सोही फाउण्डेशनको नाउँमा एभरेष्ट बैंक गल्फुटारमा रहेको खाता नं. ०२८००१०५२००४७८ मा सन् २०१४-११-२८ देखि सन् २०१६-५-१२ सम्म रु. ३,७१,३५,६९४।४७ जम्मा भएको देखिन आएको र ०४-१२-२०१४ मा रु. १८,००,०००।-, १६-०१-२०१५ मा रु. ८,००,०००।-, ०३-०२-२०१५ मा रु. १०,००,०००।-,०३-०२-२०१५ मा रु. ५,००,०००।-, २७-०२-२०१५ मा रु. ८,००,०००।-, ०३-०५-२०१५ मा रु. ३,००,०००।-, ११-०५-२०१५ मा रु. १४,००,०००।-, २७-०५-२०१५ मा रु. २,००,०००।-, ०५-०६-२०१५ मा रु. ७,००,०००।-, १५-०६-२०१५ मा रु. ४,००,०००।-, २८-०७-२०१५ मा रु. १५,००,०००।-,१३-०८-२०१५ मा रु. १०,००,०००।- र ०५-१०-२०१५ मा रु. ६,००,०००।- गरी पटक-पटक प्रतिवादीको नाउँमा काटिएको उक्त चेकहरुबाट प्रतिवादीले कुल रु. १,१०,००,०००।- प्राप्त गरेको देखिन आयो।

२७. प्रतिवादीको बाबुआमाको संयुक्त नाउँमा रहेको नेपाल हाउजिङको खातामा जम्मा रहेको रकमको, सिद्धार्थ फाउण्डेशनको खातामा जम्मा भएको रकमको तथा माथि उल्लेखित प्रतिवादीका नाउँमा विदेशबाट प्राप्त हुन आएको रकमको श्रोत प्रस्तुत मुद्दामा विवाद निरोपणको विषय रहेको छैन। काठमाडौं जिल्ला, विष्णु बुढानिलकण्ठ वडा नं. ९(क) कि.नं. २१९ को जग्गा मिति २०६५।१०।२० मा प्रतिवादीले सुरज वैद्यलाई रु.३,८२,००,०००।- मा बिक्री गरेकोमा ५३.२३% मात्र खरिद गर्दा श्रोत पुगेको भनी रु. २,०२,८८,०२०।- मात्र आयमा गणना गरिएको देखिन आएको, (आरोपपत्रको पृष्ठ १८ बाट), त्यसै गरी विष्णु बुढानिलकण्ठ वडा नं. ७(ख) कि.नं. १०८ को जग्गा प्रतिवादीले मिति २०६९।५।२७ मा मिङमार वामो शेर्पालाई रु. १,५०,००,०००।- मा बिक्री गरेकोमा खरिद गर्दा श्रोत नपुगेको भनी सो रकमलाई पनि आयमा गणना गरिएको देखिन आएन तर माथिको प्रकरणमा उल्लेख गरिए अनुसार उक्त दुबै कि.नं. का जग्गा खरिद गर्दाको अवधिसम्म (२०६५ आषाढ मसान्त) प्रतिवादीको बाबुआमाको नाउँमा रहेको खाताबाट प्रतिवादीले प्राप्त गरेको रकममात्र गणना गर्दा पनि प्रतिवादीले प्राप्त गरेको रकमबाट खरिदको श्रोत पुगी जग्गा खरिदको रकम घटाउँदा रु. ९२,२३,६०५।४६ बचत भएको अवस्था देखिन आएकोले उक्त कि.नं. मध्ये कि.नं. २१९ को जग्गा बिक्रीबाट प्राप्त रु. ३,८२,००,०००।- मध्ये आयमा गणना गरिएको रु. २,०२,८८,०२०।- बाहेक रु. १,७९,११,९८०।- र कि.नं. १०८ को बिक्रीबाट प्रतिवादीले रु. १,५०,००,०००।- प्राप्त गरेको उक्त दुबै रकम आयमा गणना हुने अवस्था देखियो। त्यस्तै प्रतिवादीले यस अदालतमा आई गरेको बयानसाथ पेश गरेको पारित लिखतको प्रतिलिपिबाट निजको नाउँ दर्ताको काठमाडौं विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. ७(ख) कि.नं. ३३, १३५, १३३ मध्येबाट फुलचुङ लामालाई मा.पो.का. चाबहिलबाट र.नं. २०४९ख बाट मिति २०६९।८।७ मा बिक्री गरी रु. ४२,१८,७००।- प्राप्त गरेको पनि देखिन आयो।

२८. प्रतिवादीको राष्ट्र सेवकको रुपमा सार्वजनिक पदमा रहेको अवधिको कुल आय रु.२०,३४,४१,८२१।- रहेको भनी आरोपपत्रमा उल्लेख भएकोमा माथिका प्रकरणहरुमा विवेचित आधार कारणबाट प्रतिवादीले निजको आमाबाबुको संयुक्त नाउमा रहेको साविकमा नेपाल हाउजिङ एण्ड मर्चेण्ड फाइनान्स लि. को खाता नं. २४-०१०१५-० बाट २०६५ आषाढ मसान्तसम्म प्राप्त गरेको रु. २,९३,८९,९९९।४६ मध्ये सो अवधिमा जग्गा खरिद गर्दा श्रोत नपुगेको भनी आरोपपत्रमा उल्लेखित रु.२,०१,६६,३९४।- घटाउँदा बाँकी हुन आउने रु. ९२,२३,६०५।४६, सोही खाताबाट सो अवधि पश्चात प्रतिवादीलाई पटक-पटक गरी प्राप्त हुन आएको रु. २७,०१,०००।-, प्रतिवादीले वौद्ध धर्म सम्बन्धी प्रकाशित गरेको पुस्तक बिक्रीबाट प्राप्त गरेको देखिन आएको रु. १४,००,४१०।९८, कि.नं. २१९, १०८ तथा ३३, १३५ र १३३ मध्ये बिक्री गरी प्राप्त रकम मध्ये आरोपपत्रमा आयमा गणना गरिएको रु. २,०२,८८,०२०।- बाहेक बाँकी हुन आउने रु. ३,७१,३०,६८०।-, सिद्धार्थ फाउण्डेशनको नाउँमा नेपाल इन्भेष्टमेण्ट बैंक लि.मा रहेको खाता नं. ००१०५०१०१५८५५८ बाट पटक-पटक गरी प्रतिवादीको नाउँमा काटिएको चेकबाट प्रतिवादीलाई प्राप्त हुन आएको रु. २,६१,००,०००।-त्यसै गरी सोही संस्थाको नाउँमा रहेको एभरेष्ट बैंक गल्फुटारको खाता नं. ०२८००१०५२००४७८ बाट प्रतिवादीको नाउँमा पटक-पटक काटिएको चेकबाट प्रतिवादीलाई प्राप्त भएको रु. १,१०,००,०००।- समेत गरी हुन आउने रु. ८,७५,५५,६९६।४४ (आठ करोड पचहत्तर लाख पचपन्न हजार छ सय

छ्यानब्बे रुपैया चवालीस पैसा) समेत कुल आयमा थप हुने अवस्था देखियो।अर्थात प्रतिवादीको राष्ट्र सेवकको रुपमा परीक्षण गरिएको अवधिको कुल आय आरोपपत्रमा उल्लेखित रु.२०,३४,४१,८२१।- र थप हुने देखिन आएको आय रु. ८,७५,५५,६९६।४४ समेत गरी कुल आय रु. २९,०९,९७,५१७।४४ (उनान्तीस करोड नौ लाख सन्तानब्बे हजार पाँच सय सत्र रुपैयाँ चवालीस पैसा) कायम हुने देखिन आयो।

२९. प्रतिवादीको सम्पत्ति परीक्षण गरिएको अवधिमा आरोपपत्रमा व्यय (खर्च) कायम गरिएको तर्फ हेर्दा सेयर खरिदमा १,५३,००,०००।- रिण सापटी सावा व्याज भुक्तानीमा ४,०६,८०,७२४।- नगद मौज्दात रु.१,६०,०००।- घरायसी सामान खरिदमा रु.१५,५०,०००।- लुकाउने नियतले बैंकबाट झिकेको भनिएको रु.४,४२,००,०००।-बैंक मौज्दात रु.६४,६७,५८७।-, जग्गा खरिदमा रु. १०,८८,०२,८१४।, घर निर्माणमा रु.७,१७,५२,८७५।४७, सवारी साधन खरिदमा रु. ९०,००,०००।- गरी कुल व्यय (खर्च) रु. २९,७९,१४,०००।४७ रहेको भन्ने उल्लेख भएको देखिन्छ।सेयर खरिद गरेको, रिण सापटी सावा व्याज भुक्तानी तथा जग्गा खरिदमा विवाद रहेको देखिन आएन।बैंक खाताबाट पहिले नै झिकिएको हाल खातामा अस्तित्वमा नै नरहेको रकम तथा प्रतिवादीको साथमा हाल नरहेको रकमलाई ०६७-CR-१३०,१३१ को पुनरावेदक प्रतिवादी तनुकलाल भएको गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा सर्वोच्च अदालतबाट मिति २०७१।११।८ मा भएको फैसला समेतबाट गणना गर्न मिल्दैन भनी प्रतिवादी तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरुले जिकिर प्रस्तुत गर्नु भएकोमा प्रतिवादीले अनुसन्धानको क्रममा दिएको विवरणबाट आफूसँग नगद रु. १,६०,०००।- रहेको भनी उल्लेख गरेको र एभरेष्ट बैंकबाट झिकेको रु. ४,४२,००,०००।- आमा बाबुबाट प्राप्त रकम, दाजु भाइलाई फिर्ता दिन समेत खर्च भएको भनी यस अदालतमा आई गरेको बयानमा उल्लेख गरेको र माथिल्लो प्रकरणमा प्रतिवादीको आय गणना गर्दा बाबु आमाबाट प्राप्त हुन आएको रकम समेत गणना गरिएकै अवस्था हुँदा प्रतिवादीले बैंकबाट झिकेको नगद र निजको साथमा रहेको नगद समेत कुल व्ययमा गणना हुने नै देखियो । प्रतिवादीको नाउँको विभिन्न बैंकमा गरी मौज्दात रु. ६४,६७,५८७।-रहेको भन्नेमा विवाद नरहेको, प्रतिवादीको तलब भत्ता, होटल बिक्रीबाट प्राप्त रकम त्यस्तै प्रतिवादीले प्रकाशन गरेका पुस्तक समेतको बिक्रीबाट प्राप्त रकम निजको आयमा गणना भै सकेको अवस्था छ।प्रतिवादीले अनुसन्धानको क्रममा दिएको विवरणमा घरायसी प्रयोगका सामानको मुल्य खुलाउँदा १५,५०,०००।- भनी खुलाएको बाट उक्त रु. १५,५०,०००।- निजले गरेको खर्चको रकममा गणना गर्नु पर्ने नै हुन आयो । व्यय कायम गरिएको मध्ये विष्णु बुढानिलकण्ठ वडा नं. ७ मा रहेको कि.नं. ११२, १९१, १४२ समेतको जग्गामा निर्माण भएको घर र वा.१३च ३५४३ नं. को सवारी साधन आफ्नो व्यक्तिगत नभै सिद्धार्थ सदन नामक संस्थाको रहेको, घर निर्माणमा कायम गरिएको विगोमा सर्वोच्च अदालतबाट भएको फैसला अनुसार २०% घटि निर्माण खर्च कायम हुनु पर्ने भन्ने प्रतिवादीको जिकिर तर्फ विचार गर्दा कि.नं. ११२, १९१, १४२ समेतको जग्गामा बनेको घरको अनुसन्धानको सिलसिलामा खिचिएको फोटोहरु हेर्दा मानिसहरु प्रार्थना गरी बसेको भन्ने प्रतीत हुन्छ।प्रतिवादीले पेश गरेको सिद्धार्थ सदनको निर्णय पुस्तिकाको प्रतिलिपिबाट उक्त जग्गा संस्थाको नाउँमा हस्तान्तरण गरी दिने गरी प्रस्तुत मुद्दा पर्नु अघि नै मिति २०७१।३।५ मा निर्णय भै मिति २०७१।३।१५ मा भवन निर्माण गर्ने निर्णय भएको देखिन आएतापनि उक्त घरहरु रहेको

विवादित जग्गा प्रतिवादीकै नाउँमा यद्यपि दर्ता रही रहेको भन्ने कुरामा विवाद देखिन नआएको र घर निर्माणको नक्सा पास समेत प्रतिवादीकै नाउँमा भएको देखिन आयो। त्यस्तै प्रतिवादीले सिद्धार्थ सदनकै भनी उल्लेख गरेको वा.१३च ३५४३ नं. को सवारी साधनको सम्बन्धमा सिद्धार्थ सदनको २०७२।२।२२ को निर्णयले खरिद गरिएको सवारी साधन पछि प्रतिवादी अध्यक्षको पदबाट हटेमा कानूनी प्रकृया पुरा गरी संस्थाको नाउँमा नाउँसारी गरी दिने भन्ने निर्णयमा उल्लेख भएको भन्ने देखिन आएतापनि उक्त सवारी साधन प्रतिवादीकै नाउँमा रहेको देखिन आएबाट प्रतिवादीले सिद्धार्थ सदनको भनी जिकिर लिएको जग्गामा बनेको घर तथा सवारी साधन प्रतिवादीको व्यक्तिगत दायित्वभित्र नपर्ने भन्न मिलेन। प्रतिवादीको नाउँमा रहेको विष्णु बुढानिलकण्ठ कि.नं. ११२, १९१, १४२ मा निर्माण भएको घर कम्पाउण्ड सहितको प्राविधिक प्रतिवेदनका आधारमा निर्माणको मूल्य रु. ६,४५,३२,६४०।७५ र अर्को का.जि. चपली वडा नं. ८क कि.नं. १९८ मा बनेको घर कम्पाउण्ड सहितको निर्माण मूल्य रु. ७२,२०,२३४।७२ भनी कि .नं. ११२, १९२, १४२ मा बनेको घर तथा कि.नं. १९८ मा बनेको कम्पाउण्ड सहितको घर निर्माणमा लागत खर्च रु. ७,१७,५२,८७५।४७ कायम गरिएको आरोपपत्रबाट देखिन आउँछ। प्रतिवादीको नाउँ दर्ताको जग्गामा निर्माण भएका ती घरहरु प्रतिवादीले ठेक्का टेण्डर गरी निर्माण गरेको भन्ने आरोपपत्रबाट देखिन नआएको र त्यस सम्बन्धी अन्य कुनै कागजात पनि पेश हुन आएको नदेखिएको अवस्थामा प्रतिवादीले व्यक्तिगत तवरबाट निर्माण गरेको भनी मान्नु पर्ने हुन आयो। व्यक्तिगत तवरबाट निर्माण गरेको घरमा ठेकेदारको १५% ओभरहेड र ठेक्का कर ५% समेत नलाग्ने हुँदा घरको आधारभूत लागत मूल्यमा २०% घटाउँदा हुन आउने लागत मूल्य कायम गर्नु पर्ने भनी सम्मानित श्री सर्वोच्च अदालतबाट २०६५ सालको फौ.पु.नं. ०६५-CR-००३१ पुनरावेदक अनुसन्धान अधिकृत फणिन्द्र गौतमको प्रतिवेदनले वादी नेपाल सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी डिल्लीरमण निरौला समेत भएको भ्रष्टाचार (वैधानिक श्रोत प्रमाणीत नभएको सम्पत्ति) मुद्दामा २०६७।५।२० मा फैसला भएको देखिन आएबाट आरोपपत्रमा प्रतिवादीको कायम गरिएको व्यय रकम मध्ये घर निर्माणमा कायम गरिएको मूल्य रु. ७,१७,५२,८७५।४७ मा सर्वोच्च अदालतबाट उपरोक्त मुद्दामा भएको फैसला अनुसार २०% ले हुन आउने रु. १,४३,५०,५७५।१० सम्म घट्ने अवस्था देखिदा सो घटाउँदा निर्माण लागत रु. ५७४,०२,३००।०४ कायम हुने देखिन आएकोले आरोपपत्रमा उल्लेखित प्रतिवादीको कुल व्यय (खर्च) रु. २९,७९,१४,०००।३७ मा घर निर्माणमा कायम गरिएको विगो रु. ७,१७,५२,८७५।४७ को २०% ले हुन आउने रु. १,४३,५०,५७५।१० घटाउँदा कुल व्यय रु. २८,३५,६३,४२५।३७ कायम हुन आउने देखियो।

३०. प्रतिवादीको सम्पत्ति परीक्षण गरिएको अवधिको आय व्ययको सम्बन्धमा माथिका प्रकरणमा गरिएको विश्लेषणबाट निज प्रतिवादीको कुल आय रु. २९,०९,९७,५१७।४४ (उनान्तीस करोड नौ लाख सन्तानब्बे हजार पाँच सय सत्र रुपैयाँ चवालीस पैसा) देखिन आयो भने सोही अवधिको निजको कुल व्यय (खर्च) रु. २८,३५,६३,४२५।३७ (अठ्ठाइस करोड पैतीस लाख त्रिसठ्ठी हजार चार सय पच्चीस रुपैयाँ सैंतीस पैसा) देखियो। अर्थात प्रतिवादीको आय व्यय परीक्षण गरिएको अवधिको व्यय (खर्च) भन्दा आय रु. ७४,३४,०९२।०७ बढी नै रहेको देखिदा प्रतिवादीले सार्वजनिक पद धारण गरे पश्चात गैरकानूनी सम्पत्ति आर्जन गरी अमिल्दो अस्वभाविक उच्च जीवनस्तर यापन गरेको भन्ने दावी पुष्टी हुने आधार पाउन सकिएन।

३१. तसर्थ यी प्रतिवादीले अनुसन्धानको क्रममा र यस अदालतमा बयान गर्दा कसूरमा इन्कार रही आफूले प्राप्त गरेको सम्पत्तिको श्रोत उपर्युक्त बमोजिम यस अदालतमा समेत उल्लेख गरेको देखियो। निजले पेश गरेको सम्पत्तिका सम्बन्धमा प्राप्त प्रमाण कागजहरु उपर्युक्त बमोजिम केलाई हेर्दा निजको आयश्रोत निजको व्यय भन्दा बढी देखिन आएको र निजले खुलाएको सो विवेचित श्रोतलाई मिसिल संलग्न कागज प्रमाणहरुबाट अन्यथा भन्न मिल्ने आधार नदेखिएकाले निजले अवैध श्रोतबाट सम्पत्ति आर्जन गरेका रहेछन् भन्न मिल्ने अवस्था नदेखिँदा निज प्रतिवादी ल्हारक्याल लामाले मिसिल संलग्न कागज प्रमाणहरुको आधारमा आरोपित कसूरबाट सफाई पाउने ठहर्छ । अरुमा तपसील बमोजिम गर्नु ।

<u>तपसील</u>

माथि ठहर खण्डमा प्रतिवादी ल्यारक्याल लामाले आरोप दावीबाट सफाई पाउने ठहरेकोले मुद्दा पुर्पक्षको अवस्थामा निज प्रतिवादीले राखेको शिद्धार्थ बैंकको मिति २०७३।४।२६ को रु. १,००,००,०००।- को बैंक ग्यारेण्टी प्रस्तुत मुद्दा अन्तिम भएपछि नियमानुसार फुकुवा गरी दिनु १

प्रतिवादी ल्यारक्याल लामाले आरोप दावीबाट सफाई पाउने ठहरेकोले प्रस्तुत मुद्दामा रोक्का रहेको प्रतिवादीको सम्पत्ती प्रस्तुत मुद्दा अन्तिम भएपछि नियमानुसार फुकुवा गरी दिनु..२

यस फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी पुनरावेदनको म्याद सहितको फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिनु ३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनु..................................४

सदस्य सदस्य अध्यक्ष

इजललास अधिकृत : मुकुन्द निरौला
कम्प्युटर गर्ने : टा.ना.सु. कल्पना बतौंला
इति संवत २०७३ साल कार्तिक ३० गते रोज ३ शुभम् ....